(ष) "निर्णय किताब" भन्नाले समितिले उजुरीमा गरेको निर्णयको अभिलेख राख्नको लागि खडा गरेको उजुरीमा निर्णय गरेको व्यहोरा र त्यसको आधार तथा कारणको संक्षिप्त उल्लेख भएको किताब सम्झनुपर्छ।

(स) "सचिवालय" भन्नाले स्थानिय न्यायिक समितिको सचिवालय भन्ने सम्झनुपर्छ।

(ह) "विषय विज्ञ" भन्नाले सम्वन्धित विपयमा कम्तीमा स्नातक तहसम्म अध्ययन गरी सोही पेशामा कम्तीमा  वर्षसम्म कार्यरत रहेको व्यक्ति सम्झनुपर्छ।

(क्ष) "वारेस" भन्नाले उजुरीकर्ता वा प्रतिवादीको तर्फवाट अधिकार प्रत्याजीत व्यक्ति भन्ने सम्झनुपर्छ।

(त्र) "फिराद" भन्नाले विवादको विपयमा पक्षले शुरुमा दिने उजुरी, नालिस आदिलाई सम्झनु पर्छ।

(ज्ञ) "प्रतिउत्तर" भन्नाले विवादको सम्वन्धमा विपक्षी वनाइएको व्यक्ति वा संस्थाले कानूनको रित पुऱ्याई पेश गरेको कागजातलाई सम्झनुपर्छ।

(ज्ञ.१) "इजलास" भन्नाले न्यायीक समितिले विवादका पक्षहरुलाई साथै राखी मुद्दाको सुनुवाई गरिने कक्षलाई सम्झनु पर्छ।

(ज्ञ.२) "कानूनी सल्लाहकार" भन्नाले न्याय सम्पादनको सिलसिलामा न्यायिक समिति वा न्यायिक समितिको इजलाशमा कानूनी सल्लाह दिने व्यक्ति सम्झनुपर्छ।

## परिच्छेद-२
## समितिको अधिकार

३. **उजुरीमा निर्णय सम्बन्धी कामः** समितिमा दर्ता भएका उजुरी वा उजुरीको निर्णय गर्ने वा दर्ता भएको नालिश वा उजुरीको कुनै व्यहोराले लगत कट्टा गर्ने अधिकार समितिलाई मात्र हुनेछ।

४. **निर्णय सम्बन्धी बाहेक अन्य कामः** (१) दफा ३ मा उल्लेख भएको वा प्रचलित कानूनले समिति वा समितिको सदस्यले नै गर्ने भन्ने व्यवस्था गरेको वा कार्यको प्रकृतिले समिति वा समितिको सदस्यले नै गर्नुपर्ने स्पष्ट भैरहेको देखि बाहेकको अन्य कार्यहरू यस ऐनमा तोकिएको कर्मचारी र त्यसरी नतोकिएकोमा समि

५. तिले निर्णय गरी तोकेको वा अधिकार प्रदान गरेको कर्मचारीले गर्नुपर्नेछ।



Scanned with CamScanner

